नीलकण्ठ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

धादिङवेशी, धादिङ

बागमती प्रदेश, नेपाल

पत्र सङ्ख्याः ०७८।०७९ च.नं.: २०५० मितिः- २०७८/१२/०१

विषयः अधिकार प्रत्यायोजन तथा जिम्मेवारी तोकिएको सम्बन्धमा ।

श्री विवेक खतिवडा (२३५७१४),
(योजना अधिकृत),
नीलकण्ठ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, धादिङवेशी, धादिङ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा (५) ले दिएको अधिकार समेत प्रयोग गरी म मा निहीत अधिकारहरूमध्ये देहायका अधिकारहरू तपाईंलाई प्रत्यायोजन गरी जिम्मेवारी तोकेको छु । आफूलाई प्रत्यायोजित अधिकारहरूको प्रयोग स्थानीय सरकार सञ्चालन ऐन,२०७४, नीलकण्ठ नगरपालिकाका कानूनहरू तथा प्रचलित नेपाल कानूनहरूको अधीनमा रही गर्नुहोला ।

प्रत्यायोजन गरिएका अधिकार तथा जिम्मेवारीहरू

१. रु. दशलाखसम्म लागत अनुमान रहेका यस कार्यालयले सम्पादन गर्ने उपभोक्ता समितिहरूबाट निर्माण हुने योजनाहरूको कानून बमोजिम सम्झौता गर्ने/योजना कार्यान्वयन पश्चात सबै प्रकृया पूरा गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष अन्तिम भुक्तानीका लागि सिफारिस गर्ने ।

२. उपभोक्ता समितिसँग सम्झौता गर्नुपूर्व प्रचलित कानूनले तोकेबमोजिम उपभोक्ता समितिको गठन, उपभोक्ता समितिको सम्झौता गर्न आउने सम्बन्धी बैठकको निर्णय, वडा कार्यालयको सिफारिस, प्राविधिक शाखाको लागत अनुमान समेतका सम्पूर्ण प्रकृया तथा कागजातहरू दुरुस्त रहेको एकीन गरेपश्चात मात्र सम्झौता गर्ने ।

३. योजना अनुगमनको व्यवस्थापन गर्ने ।

४. अन्तिम भुक्तानीको लागि सिफारिस गर्नुपूर्व अनिवार्य रूपमा कानूनले तय गरेका विधि र प्रकृयाः- उपभोक्ता समितिको अन्तिम भुक्तानीको लागि माग गर्ने निर्णय, वडा कार्यालयको सिफारिस, प्राविधिक शाखाले तयार पारेको बील, सार्वजनिक परीक्षणको प्रतिवेदन, सूचना

पाटीको फोटो, नगरस्तरीय अनुगमन समितिको अनुगमन प्रतिवेदन, विभिन्न चरणका फोटोहरू नियम बमोजिमका बील भरपाई, बील भरपाई सम्बन्धित उपभोक्ता समितिका अध्यक्ष वा वडा अध्यक्षले प्रमाणित गरेको निस्सा, सो योजना नगरपालिकाको वार्षिक योजनाको हिस्सा भए/नभएको एकीन गरी योजना व्यवस्थापन पुस्तिकाका सबै अंगहरू पूरा भएका वा सबै विवरण भरिएको एकीन गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्ने ।

५. योजना सम्झौता तथा अन्तिम भुक्तानीको लागि सिफारिस गर्दा कुनै द्विविधा भएमा अनिवार्य रूपमा प्रमुख प्रशासकीय अधिकृतसँग समन्वय गर्ने ।

६. प्रचलित कानून बमोजिम योजना व्यवस्थापन सम्बन्धी तोकिएका अन्य कार्यहरू गर्ने ।

७. सामाजिक विकास अधिकृत (अधिकृत छैटौं) श्री विजया अर्यालको अनुपस्थितिमा निजले सम्पादन गर्ने कार्यहरू समेत गर्ने ।

८. योजना व्यवस्थापनलाई प्रभावकारी, मितव्ययी तथा अनुकरणीय बनाउन योजना व्यवस्थापनका विभिन्न चरणहरूमा अनुगमन/निरीक्षणको व्यवस्था गर्ने/गराउने ।

(नेत्रप्रसाद पौडेल)
प्रमुख प्रशासकीय अधिकृत

सादर अवगतार्थः-

श्रीमान नगर प्रमुखज्यू, नीलकण्ठ नगरपालिका, धादिङ ।

श्रीमान नगर उप-प्रमुखजयू, नीलकण्ठ नगरपालिका, धादिङ ।

बोधार्थः-

श्री वडा कार्यालयहरू (सबै), नीलकण्ठ नगरपालिका, धादिङ ।

श्री शाखाहरू (सबै), नीलकण्ठ नगर कार्यपालिकाको कार्यालय, धादिङ ।

अधिकृत छैठौं श्री विजया अर्याल, नीलकण्ठ नगरकार्यपालिकाको कार्यालय, धादिङ ।